# सुनवल नगरपालिकाको १७ औं नगरसभामा नगरप्रमुखबाट प्रस्तुत आ.व. २०८२।८३ को नीति तथा कार्यक्रम

- **संकल्पः** समृद्ध नगर, सुखी नगरबासी
- **दुरदृष्टीः** "सामाजिक सुरक्षा, सुशासन, न्याय, विकास र समानताः समृद्ध नगर सुखी नगरबासी हाम्रो प्रतिवद्धता"
- **सपनाः** "नारीको नेतृत्व, सामाजिक सद्भाव स हित समृद्ध सुनवलको जोगाउ अस्तित्व"

उपस्थित नगर उपप्रमुख ज्यू,
प्रमुख प्रशासकीय अधिकृत ज्यू,
उपस्थित सम्पूर्ण नगरसभा सदस्यज्यूहरु,

आज हामी सुनवल नगर सरकारको गरिमामय १७ औं नगरसभामा उपस्थित छौं । यस पुनित अवसरमा उपस्थित सबैलाई हार्दिक स्वागत गर्दै सुनवल नगरपालिकाको समग्र विकासमा सहयोग पुर्‍याउने राजनीतिक दल, पूर्व जनप्रतिनिधि, नागरिक समाज तथा सम्पूर्ण सरोकारवालाहरुलाई हार्दिक धन्यवाद दिदैं सर्वप्रथम सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना तथा समग्र मुलुकको दिगो शान्ती, प्रगति, समुन्नतीका लागि देशमा भएका विभिन्न कान्ति, आन्दोलन तथा जनआन्दोलनहरुमा आफ्नो अमूल्य जीवन अर्पण गरी साहदत प्राप्त गर्ने सम्पूर्ण ज्ञात अज्ञात बिर शहिदहरु प्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु ।

नगरसभाका सदस्यज्यूहरु,
राज्यको पूर्नसंरचना पश्चात संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको स्थानीय सरकारको रुपमायस सुनवल नगरपालिकाले हालसम्म ८ वटा बजेट निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । नेपालको संविधानको एकल, साझा अधिकार क्षेत्र, कार्य विस्तृतिकरणबाट प्राप्त अधिकार क्षेत्र, स्थानीय सरकार संचालन ऐन, २०७४, चालु पञ्चवर्षीय योजना, संघ, प्रदेश र नगरले संचालन गरेका अभियानमुखि कार्यक्रम, आन्तरिक श्रोतको उपलब्धता तथा जनताका ईच्छा र चाहनाका आधारमा आ.व. २०८१।८२ को नीति, कार्यक्रम र बजेट स्वीकृत गरी कार्यान्वयनको अन्तिम चरणमा छौ ।

न्यूनतम साधन र श्रोतका वावजुद स्वीकृत नीति, कार्यक्रम तथा बजेटबाट जनताका आवश्यकता र चाहना अनुरुपका कार्यक्रम संचालन गरी हामीहरुले जे जति उपलब्धी प्राप्त गर्‍यौं सो उपलब्धी जनप्रतिनिधि र नगरवासीको साझा उपलब्धी हो । आगामी दिनहरुमा थप एकतावद्ध भई संगठित रुपमा काम गर्न सकेमा जनताका चाहना पुरा हुन र खुशियाली बृद्धि गर्न सकिने विश्वास लिईएको छ ।

नगरसभाका सदस्यज्यूहरु,

अब म आ. व. २०८१।०८२ को लक्ष्य र हालसम्मको प्रगति यहाँहरु समक्ष प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

क) सामाजिक विकास तर्फः
सामाजिक विकास तर्फ आर्थिक वर्ष २०८१।८२ मा विनियोजित रकम रु. ४२ करोड ६ लाख ९७ हजार ३ सय ४४ मध्ये हाल सम्म ७०.९ प्रतिशत प्रगति भएको छ ।

ख) आर्थिक विकास तर्फः
आर्थिक विकास तर्फ आर्थिक वर्ष २०८१।८२ मा विनियोजित रकम रु. ४ करोड ४२ लाख ४९ हजार ४ सय ३० मध्ये हालसम्म २४.८१ प्रतिशत प्रगति भएको छ ।

ग) पूर्वाधार विकास तर्फः
पूर्वाधार विकास समित तर्फ आर्थिक वर्ष २०८१।८२ मा विनियोजित रकम रु. २७ करोड ६६ हजार ८९ हजार ७५३ मध्ये हालसम्म ४६.५७ प्रतिशत प्रगति भएको छ ।





घ) सुशासन तथा संस्थागत विकास तर्फः
सुशासन तथा संस्थागत विकास तर्फ आर्थिक वर्ष २०८१।८२ मा विनियोजित रकम रु. १ करोड ५७ लाख ५० हजार मध्ये हालसम्म १०.९३ प्रतिशत प्रगति भएको छ ।

ङ) वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फः
वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ आर्थिक वर्ष २०८१।८२ मा विनियोजित रकम रु. १ करोड ४१ लाख मध्ये हालसम्म ७ प्रतिशत प्रगति भएको छ ।

**समग्रमा वार्षिक वजेट रु. १ अर्व १ करोड ६३ लाख ४९ हजार ७४६ रकमवाट यहि जेष्ठ मशान्तसम्म कुल वजेठको ५७. ५४ प्रतिशत खर्च भएको छ ।**

नगरसभाका सदस्यज्यूहरु,
सुदृढ संघियताको जग बलियो बनाउने सरकारको सबैभन्दा तल्लो निकाय र जनताले प्रत्यक्षरुपमा अनुभूति गर्न पाउने निकाय स्थानीय तह भएकोले आमजनतामा सरकारको अनुभूति गराउदै उनीहरुको आर्थिक, सामाजिक रुपान्तणका लागि सुनवल नगरपालिकाले आ.व. २०८२।८३ को नीति, कार्यक्रम तथा बजेटको मार्गदर्शन, प्राथमिकता तथा समग्र श्रोत परिचालनको अवस्था, वार्षिक लक्ष्य, उद्देश्य तथा अवलम्बन गर्ने महत्वपूर्ण नीति तथा कार्यक्रमहरु प्रस्तुतीकरणका लागि अनुमति चाहन्छु ।

नगरसभाका सदस्य ज्यूहरु,
अब म आ.व. २०८२/८३ का लागि नगरपालिकाको वार्षिक लक्ष्य, उद्देश्य तथा अवलम्बन गर्ने महत्वपूर्ण नीतिहरुको प्रस्तुतीकरणका लागि अनुमति चाहन्छु ।

क. नीति, कार्यक्रम तथा बजेटको उद्देश्यः
जनचाहना अनुरुप समावेशी, समानुपातिक र जनसहभागितामूलक कार्यक्रम संचालन गरी समृद्ध नगर, सुखी नगरबासीको संकल्प पुरा गर्ने ।

ख. लक्ष्यः
संघ, प्रदेश र नगर सरकारले स्थानीय आवश्यकता र जनचाहना अनुरुप निर्धारण गरेका कार्यक्रमहरु संचालन गरि दिगो विकास लक्ष्यका सूचकहरु पुरा गर्ने ।

ग. प्राथमिकताः
विभिन्न विषयगत क्षेत्रमा संघ, प्रदेश, स्थानीय तथा निजि क्षेत्र र दातृ निकायहरुको लगानी अभिवृद्धि गरी प्रतिस्पर्धात्मक सेवा प्रवाह गर्न देहाय बमोजिम क्षेत्रगत प्राथमिकता तोकिएको छ ।
१. सामाजिक विकास
२. सुशासन तथा संस्थागत विकास
३. पूर्वाधार विकास
४. आर्थिक विकास
५. वातावरण तथा विपद व्यवस्थापन

नगरसभाका सभासदज्यूहरु,

अब म आगामी आर्थिक वर्ष २०८२।८३ को लक्ष्य, उद्देश्य तथा प्राथमिकतालाई कार्यान्वयन गर्न लिइने नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु ।



Scanned with CamScanner

सामाजिक विकास तर्फ:

स्वास्थ्य तथा पोषण :

१. नगरवासीलाई उपचारका लागि नगर बाहिर जानुपर्ने विगतदेखिको समस्यालाई समाधानका लागि निर्माणाधिन १५ सैयाको नगर अस्पतालको भवन निर्माण कार्य यथाशिघ्र सम्पन्न गरिनेछ ।

२. रक्त सञ्चार केन्द्र सुनवलसंग सम्झौता गरी नगरवासीलाई थप सुविधा प्रदान गरिनेछ ।

३. भवन नभएका स्वास्थ्य संस्थाहरुको भवन निर्माण प्रक्रिया अगाडी बढाइनेछ ।

४. नि:शुल्क औषधी उपचारका लागि प्रयाप्त वजेट विनियोजन गरी प्रभावकारी बनाईनेछ ।

५. नगर भित्रका स्थायी बसोवास गर्ने नागारिकहरुका लागि आँखाको मोतिबिन्दुको निशुल्क अपरेशन कार्यक्रम नगर प्रमुखसंग आँखा स्वास्थ्य कार्यक्रम मार्फत निरन्तरता दिइनेछ ।

६. नगरभित्र नागरिको आँखा उपचारको सेवा उपलब्ध गराउन लायन्स आखा उपचार केन्द्रको सेवा विस्तार निरन्तरता दिइने छ ।

७. महिलाको सुरक्षित मातृत्व र प्रजनन् सुरक्षाको लागि नगरमा रहेको प्रसुति गृहको थप क्षमता बृद्धि गर्दै लगिने छ । सुनौलो हजार दिनका महिलाहरुको पोषणको निरन्तर रेखदेखको व्यवस्था मिलाईने छ । जन्म दर्ताकै समयमा पोषण भत्ता दिने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

८. अशक्त अपांग तथा जेष्ठ नागारिकसँग उपमेयर कार्यक्रम मार्फत जेष्ठ नागरिक तथा अपांगता भएका ब्यक्तिहरुलाई घरमै गई त्रैमासिक रुपमा स्वास्थ्य परिक्षण गर्ने व्यवस्थालाई निरन्तरता दिइने छ ।

९. यस नगरपालिकाभित्र रहेका नागारिकहरुलाई आगामी ३ बर्षभित्र आधारभुत स्वास्थ्यसेवा नि:शुल्क रुपमा उपलब्ध गराईने नीतिलाई कार्यन्वयन गर्ने संभाव्यता अध्ययन, वर्तमान अवस्था र स्रोत साधन सहितको दिर्घकालीन योजना तर्जुमा गरि कार्यान्वयनमा ल्याइनेछ ।

१०. अति आवश्यक स्वास्थ्य सेवा प्रवाहका लागि नगर स्तरीय एकिकृत एम्बुलेन्स सेवा सञ्चालनलाई निरन्तरता दिईनेछ ।

११. सामुदायिक स्वास्थ्य प्रवर्द्धनमा स्वास्थ्य स्वयंसेवीकाहरुको भूमिकालाई उच्च मुल्यांकन गर्दै स्वयंसेविकाहरुको सेवालाई जवाफदेही, प्रभावकारी र सम्मानित बनाउन थप सुविधा र क्षमता विकास गर्दै स्वास्थ्य बिमाको ब्यबस्थालाई निरन्तरता दिईनेछ ।

१२. महिला स्वयं सेविका अवकाश कोषलाई बृद्धि गरिनेछ ।

१३. प्रत्येक नागारिकको स्वास्थ्य सम्बन्धी हकलाई संरक्षण एवंम प्रबर्द्धनका लागी बिमा अभिकर्ताहरुलाई घर-घरमा खटाई सबै नागारिकलाई स्वास्थ्य बिमा कार्यक्रममा सहभागी गराउने कार्यक्रमलाई निरन्तरता दिईने छ ।

१४. आर्थिक अवस्था कमजोर भएका मुटु, मृगौला तथा क्यान्सर रोगबाट पीडित नागारिकहरुलाई संघ प्रदेशवाट उपलब्ध हुने सुविधाको अतिरिक्त मानव विकास सूचकाङ्क र विपन्नता तथा गरीब परिचय पत्रको आधारमा सहायता उपलब्ध गराइने छ ।

१५. गर्भवति महिलाहरुलाई बिषेश रेखदेख, प्रसुति केन्द्रमा प्रसुति हुने र आवश्यक उपचार तथा पौष्टिक आहारको व्यवस्था गरिने छ । सुत्केरी महिला तथा बच्चाको पोषण सुधारमा थप टेवा पुर्‍याउनका लागि उपलब्ध गराउँदै आएको सुत्केरी पोषण खर्च कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१६. मृगौलाको नियमित डायलायसिस गर्नुपर्ने र रगत चढाउनु पर्ने बिरामीहरुका लागि रगत चढाउदा लाग्ने खर्च न्यूनिकरणका लागि नगरभित्र नै डायलासिस सेवा उपलब्ध गराउन डायलासिस सेवा केन्द्र संचालनमा ल्याईनेछ ।

१७. आगामी वर्ष सबै स्वास्थ्य संस्थाहरुलाई पोषणमैत्री स्वास्थ्य संस्था घोषणा गरी नगरपालिकालाई समेत पोषणमैत्री नगरपालिका घोषणाका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।





१८. "समृद्ध नगर र सुखी नगरवासी" को आकांक्षा पुरा गर्न खुसीका सूचकहरुलाई कार्यान्वयन ल्याउन आवश्यक व्यवस्था गरिनेछ । मनोपरामर्श, मनोचिकित्सा, प्राकृतिक चिकित्सा एवम योग ध्यान केन्द्रको महत्वलाई थप प्रचार प्रसार गरी थप प्रभावकारी वनाईनेछ ।

१९. गर्भवति, सुत्केरी, अशक्त अपांग र जेष्ठ नागारिकलाई दिँदै आएको निशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइने छ । दुर्गम बस्तिका नागारिकहरुका लागि स्वास्थ्य सेवाको पहुच वृद्धि गर्न आर्थिक अवस्था र आबश्यकताको आधारमा नि:शुल्क एम्वुलेन्स सेवालाई निरन्तरता दिइनेछ ।

२०. नियमित खोप कार्यक्रमलाई आबश्यकता अनुसार टोलटोलमा समेत बिस्तार गर्ने नीति लिइने छ ।

२१. पूर्ण नियमित खोपको सुनिश्चितता तथा शुन्य घरमा प्रसुति कार्यक्रमको सुनिश्चितता निरन्तर गरिनेछ ।

२२. सबै स्वास्थ्य संस्थालाई किशोर किशोरी मैत्री स्वास्थ्य संस्था बनाउनका लागि आबश्यक पूर्वाधारको निर्माण गरिने छ र क्रमिक रुपमा घोषणा गर्दै लगिने छ ।

२३. सुनवल नगरपालिका भित्रका नागारिकहरुको स्वास्थ्यमा पहुच अभिवृद्धि गर्न भिडियो एक्सरे, ल्याब सहितको आकस्मिक सेवा उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ ।

२४. नागारिकको उपचारमा आयुर्वेद पद्धतीको सेवा विस्तार गर्न आयुर्वेद सेवा केन्द्रको सेवालाई थप विस्तारित गरिनेछ ।

२५. आयुर्वेद पद्धतीको उपचार सेवालाई थप प्रभावकारी वनाउन फिजियोथेरापी सेवालाई आफ्नै भवन निर्माण गरी सेवा निरन्तरता दिईनेछ ।

२६. आगामी बर्ष देखि नागारिकहरुका लागि घुम्ती Video-Xray शिविर संचालन गरिने छ भन्ने सामान्य Xray सेवा पनि उपलब्ध गराइनेछ ।

२७. आगामी आ.व. मा समपर्ण नेपाल नामक संस्थासंग साझेदारीमा दन्त शिविर सेवा संचालन गरिने छ ।

२८. वडा नं. ८ मा रहेको स्वास्थ्य संस्थामा ५ शैयाको चिकित्सकीय सेवा सहितको पूर्वाधार निर्माण गरि संचालनमा ल्याइनेछ ।

२९. समस्यामा परेका नागारिहरुलाई लक्षित गरी **"मेयर-केयर"** कार्यक्रम संचालन गरिनेछ ।

शिक्षा, युवा तथा खेलकुद :

३०. सबै बालबालिकाहरुको शिक्षामा पहुचलाई सुनिश्चित गरिनेछ । सबै तहको अध्ययनमा छात्रवृतिको व्यवस्था गरिनेछ ।

३१. नगरका सम्पूर्ण बिद्यालयका भौतिक संरचनाहरु बालमैत्री बनाईनेछ । दिवा खाजा कार्यक्रम नियमित र गुणस्तरीय बनाईनेछ । सबै विद्यालयहरुमा दण्डरहित शिक्षा र प्रभावकारी बालमैत्री सिकाई पद्धति अवलम्बन गरिनेछ ।

३२. सामुदायिक विद्यालयका भवन र अन्य भौतिक संरचना आवश्यकता अनुसार थप निर्माण, मर्मत संभार गरिनेछ । विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गरिनेछ । विद्यालयको भौतिक संरचना बालमैत्री, अपागमैत्री वनाइनेछ ।

३३. नगरभित्र संचालित संस्थागत विद्यालयहरुको अनुगमन, नियमन र शैक्षिक गुणस्तर सुधारमा जोड दिईनेछ । संस्थागत विद्यालयले उपलब्ध गराउने छात्रवृत्तीलाई अनिवार्य, लक्षितमैत्री बनाइनेछ ।

३४. विद्यालयहरुसंग कार्यसम्पादन करार गरिनेछ । कार्यसम्पादन सूचकका आधारमा उत्कृष्ट बिद्यालय, शिक्षक, तथा कर्मचारीलाई पुरस्कारको व्यवस्था गरिनेछ ।

३५. बिद्यालय व्यवस्थापन समितिको प्रभावकारी प्रबन्ध र जवाफदेहिता प्रवर्द्धन गर्न अभिमुखिकरण तथा अभिभावक शिक्षा कार्यक्रमलाई विस्तार गरिनेछ ।

३६. दक्ष, अर्धदक्ष प्राविधिक जनशक्ति तयारीका लागि प्राविधिक शिक्षालय सञ्चालन भएका विद्यालय तथा सिटिइभिटिवाट सम्वन्धन प्राप्त विद्यालयहरुको संस्थागत विकास गरिनेछ ।



Scanned with CamScanner

३७. विपन्न, असहाय, दलित र पछाडी परेको वर्गका लागि विशेष शैक्षिक कार्यक्रम अन्तरगत नि:शुल्क शिक्षा दिने व्यबस्था मिलाइनेछ ।

३८. विभिन्न बिश्व बिद्यालय र शैक्षिक संस्थाहरुसंगको समन्वय र सहकार्यमा नगरको विकासका लागि विभिन्न पक्षको अध्ययन अन्वेषण गर्ने व्यवस्था मिलाईनेछ ।

३९. लुम्बिनी माध्यमिक विद्यालयमा बिशेष संरक्षणको आवश्यकता परेका नगर भित्रका बालबालिकाहरुको अभिभावकत्व ग्रहण गर्दै अनिहरुको अध्ययनका लागि आवास सहितको निशुल्क पठनपाठनको शुरुवात गरिनेछ ।

४०. सुनवल नगरपालिकाको नगर कोषबाट सुविधा लिने शिक्षक, कर्मचारी, जनप्रतिनिधिका वालवालिकाहरु सामुदायिक विद्यालयमा अध्यापन गराउनुपर्ने व्यवस्था निरन्तरता दिईनेछ ।

४१. विद्यालयका शिक्षक, कर्मचारी तथा विद्यार्थीको दुर्घटना विमा गर्ने व्यवस्था मिलाईनेछ ।

४२. शैक्षिक सत्र २०८० बाट शुरु भएको सिकाइ उपलब्धी सुधार वर्षको रुपमा सञ्चालन भएका कार्यक्रमलाई निरन्तर गरिनेछ ।

४३. जनश्रमदान र जनसहभागीतामा विद्यालयलाई हरित विद्यालय, शुद्ध खानेपानी, प्राथमिक उपचार कक्ष सहितका विद्यालय वनाइनेछ ।

४४. सुनवल नगरपालिकाको समग्र शिक्षा विकासको आधार र अवसर पहिचान गर्ने तथा नेपाल सरकारले घोषणा गरेको नि:शुल्क शिक्षालाई प्रभावकारी रुपमा लागू गर्न सरोकारवालाको सहभागितामा आवश्यक अध्ययन, छलफल तथा विश्लेषण गरि माध्यमिक तहसम्मको शिक्षा निशुल्क गर्ने नीति लिईनेछ ।

४५. हरेक साताको शुक्रवारलाई वुक फि फाइडेको अवधारणलाई कार्यान्वयनमा ल्याई विद्यार्थीहरुलाई जीवनपयोगी सीप र संस्कार सिकाइने छ।

४६. वैदिक शिक्षा पद्धतीको संरक्षण तथा प्रवर्द्धन गर्न वावा वर्दगोरिया गुरुकुलमलाई थप पूर्वाधार सहित संचालन निरन्तर गरिनेछ ।

४७. २० जना भन्दा कम विद्यार्थी भएका र अर्को विद्यालयसंगको आवत जावत गर्ने दुरि बढिमा ३० मिनेट रहेका विद्यालयहरुलाई बिद्यार्थी संख्या बढाउन नसकिने अवस्था भएमा क्रमश मर्ज गर्दैजाने निति लिईने छ ।

४८. शिर्क्षकहरुको रोष्टर तयार गरि कार्यान्वयन गर्ने निति अवलम्बन गरिने छ ।

४९. नगर खेलकुद विकास समितिलाई क्रियाशिल बनाईने छ । नगरपालिका भित्र संचालन हुने सबै किसिमका खेलकुदहरु नगर खेलकुद विकास समिति मार्फत संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

५०. खेलकुद क्षेत्रमा थप विकासका लागि नगर स्तरिय स्पोर्टस एकेडेमी संचालनमा ल्याईनेछ ।

५१. नगर भित्र क्रियाशिल युवा क्लबहरुको संजाल निर्माण गरी प्रतिस्पर्धात्मक खेल प्रणालीलाई व्यस्थित गरिनेछ ।

५२. युवा रोजगारी, श्रृजनशिलतालाई बढावा दिन अन्तरनिकाय समन्वयमा नवप्रवर्तनका कार्यक्रमहरु संचालन गरिनेछ ।

५३. १ वडा १ खेल मैदानको अवधारणालाई पूर्णता दिन लगानी वृद्धि गरिनेछ । खेलकुद पूर्वाधार तथा खेल कार्यक्रममा लगानी निरन्तरता दिईनेछ ।

५४. नगरपालिका भित्र निर्माणाधिन खेलमैदान, कभर्डहल लगायत अन्य खेल संरचनाहरु सम्पन्न गरी प्रभावकारी रुपमा संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

५५. युवाहरुको शारीरिक तथा मानसिक विकासका लागि खेल मैदान निर्माण, कवर्ड हल तथा क्लब भवन, आवश्यक खेलकुद तथा मनोरञ्जनका साधनको व्यवस्था, र अन्य खेल पूर्वाधार निमार्ण, सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।





५६. युवा उद्यमशीलता विकास तालिम, व्यावसायिक सिपमूलक शिक्षा र इन्टर्नसिपको व्यवस्था मिलाईने छ ।

५७. सबैका लागि खेलकुद, सधैंका लागि खेलकुद अभियान संचालन गरिने छ । हाल भएका खेल मैदानको स्तरउन्नती गर्दै लगिने छ ।

५८. फुटबल, बास्केट बल, भलिवल, क्रिकेट एवं मार्सल आर्टस सम्बन्धी खेलको विकास र विस्तारका लागि नगरस्तीय खेलकुद समितिलाई क्रियाशिल वनाइ संस्थागत विकास गरिनेछ र आगामी आर्थिक वर्षदेखि मेयरकप गोल्डकप प्रतियोगिता संचालन गर्न प्राथमिकता दिईनेछ ।

५९. सबै वडाहरुमा खुल्ला व्यामशाला (Open Gym) निर्माण प्रक्रियालाई अगाडी बढाइनेछ ।

**खानेपानी तथा सरसफाई :**

६०. ५ हजार लीटरसम्मको निशुल्क खानेपानी सुविधालाई निरन्तरता दिइनेछ, यो सुविधालाई वृद्धि गर्दै आगामी दिनमा WATER FREE पालिका बनाइने छ ।

६१. नगरपालिका भित्र रहेका खानेपानी उपभोक्ता समितिहरुको सेवा प्रवाहमा एकरुपता ल्याइनेछ ।

६२. समुदायमा आधारित खानेपानी तथा सरसफाई अभियान र खानेपानी तथा सरसफाई सम्बन्धी सचेतना मूलक कार्यक्रमहरु खानेपानि तथा सरसफाई उपभोक्ता महासंघसंगको सहकार्यमा संचालन गरिनेछ ।

६३. एक घर एक धारा तथा स्वच्छ खानेपानीको उपलब्धतालाई खानेपानी उपभोक्ता समितिहरुसंगको सहकार्यमा क्रमश: पुरा गरिनेछ ।

६४. नगरका महत्वपूर्ण स्थानहरुमा सार्वजनिक शौचालय तथा खानेपानी सुविधाको व्यवस्था मिलाईनेछ ।

६५. विपन्न नागरिकलाई निशुल्क धारा जडानको कामलाई निरन्तरता दिईने छ ।

६६. हरेक विद्यालयमा स्वच्छ पिउने पानीको प्रवन्ध गरिनेछ ।

६७. सुनवल नगरपालिका भित्र रहेका खानेपानी उपभोक्ता समितिहरुलाई आवश्यकता र औचित्यको आधारमा मर्ज गर्ने व्यवस्था मिलाइनेछ ।

६८. नगरभित्र खानेपानी उपभोक्ता समिति तथा खानेपानी मुहान दर्ता प्रक्रियालाई अगाडी बढाइनेछ ।

**महिला, बालबालिका तथा सामाजिक समावेशिकरण**

६९. नेपालको पहिलो बालमैत्री नगरपालिकाको रुपमा पहिचान बोकेको सुनवल नगरपालिकाको साखलाई अझै उचो वनाउन यस नगरपालिकालाई बालमैत्री अध्ययन केन्द्रको रुपमा विकास गरिने नीति अवलम्वन गरिने छ ।बालमैत्री स्थानीय शासनको दिगोपनाका कार्यक्रम संचालन गरिनेछ ।

७०. विशेष संरक्षणको आवश्यकता रहेका बालबालिकाको संरक्षणका लागि नगरपालिकाले शिक्षा पालन पोषण र अभिभावकत्व ग्रहण गर्ने नीति अवलम्वन गरिने छ ।

७१. सुनवल नगरपालिकालाई महिलामैत्री बनाउन एनजिओ र विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघसंस्थासंगको सहकार्यमा निश्चित सूचकहरु पुरा गरी महिलामैत्री नगरपालिका घोषणाको पूर्वाधार तयार गरिने छ ।

७२. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा,शोषण ,दुर्व्यवहार र भेदभाव अन्त्य गर्नका लागि केन्द्र, प्रदेश सरकारसंग समन्वय गरी आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।

७३. हिंसा पीडित महिलाको तत्काल राहत तथा पुन: स्थापनाको लागि सेफ हाउस सञ्चालन गरिने छ । महिला हिंसा न्यूनिकरणका लागि परिवारमा मेलमिलाप,पुन: एकीकरण तथा आर्थिक सशक्तिकरण गर्ने कार्यलाई प्रभावकारी वनाइने छ ।

७४. महिला,बालबालिका,ज्येष्ठ नागरिक,अपांगता भएका व्यक्ति एवं लैंगिक तथा यौनिक अल्पसंख्यक माथि हुने हिंसामा शुन्य सहनशिलताको नीति अवलम्वन गरिने छ ।

७५. पढ्नका लागि उमेरले छेक्दैन भन्ने मूल नाराका साथ सञ्चालित समता महिला विद्यालयलाई थप सुविधा सम्पन्न बनाई प्रभावकारि रुपमा निरन्तर सञ्चालन गर्ने नीतिलाई निरन्तर गरिने छ ।

७६. नगरस्तरमा निर्माणधिन बहुउद्देश्यीय महिला सीप तथा उद्यम विकास केन्द्रलाई सञ्चालनमा ल्याई वडामा भएका महिला उद्यम केन्द्रमा उत्पादित सामग्रीहरुको बजारिकरण गरिने छ । महिलाहरुलाई उद्यम विकास, नेतृत्व विकास, सीप विकासमा सहभागी गराउदै रोजगारी सिर्जनाकालागि निजी क्षेत्र समेतको सहभागिता र सहकार्यमा थप कार्यक्रमहरु सञ्चालन गरिने छ ।

७७. कुनैपनि किसिमको समस्यामा परेका महिलाहरुलाई आर्थिक सहयोग, पुर्नस्थापना, पारिवारिक मिलन, शिक्षा, स्वास्थ्य, लगायतमा तत्काल राहतका लागि महिलासंग नगर प्रमुख कार्यक्रम निरन्तरता दिइने छ ।

७८. महिलाहरुको सरकारी निकायमा पहुंच बढाउने उद्देश्यका साथ महिलाहरुकालागि लोकसेवा अयोग तयारी कक्षा संचालनमा ल्याईनेछ ।

७९. नगरपालिका भित्र शारिरीक अपांगता भएका व्यक्तिहरुका आवश्यकताको आधारमा पुन: स्थापना केन्द्र स्थापना र नि:शुल्क स्वास्थ्य विमा कार्यक्रम सञ्चालनको नीति अवलम्वन गरिने छ ।

८०. सुनवल नगरपालिका भित्र संचालनमा रहेका ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रहरुलाई थप व्यवस्थित बनाउदै लगिने छ । सवै केन्द्रहरुको सहभागितामा नगरस्तरीय ज्येष्ठ नागरिक सञ्जाल गठन गरिने छ ।

८१. प्रत्येक वडामा एक वडा एक बालमैत्री पार्क निमार्णको अभियानलाई निरन्तरता दिईने छ ।

८२. बालबालिकासंग सम्बन्धित बजेट, नीति तथा कार्यक्रम निर्माण गर्नबाल भेला मार्फत बाल सहभागिता सुनिश्चत गरिनेछ ।

८३. सुनवल नगरपालिकाको वाल अधिकार संरक्षण कार्यबिधि अनुरुप बाल अधिकार समिति गठन, परिचालन, बाल कोषको स्थापना, घटना व्यवस्थापन बाल संरक्षण सुनिश्चत गरिने छ ।

८४. बालबालिका हराउने, बेवारिसे फेला पर्ने, बेचबिखन तथा ओसारपसारमा पर्ने, हिंसा, दुर्व्यवहार शोषण तथा अन्य जोखिममा पर्न सक्ने अवस्थालाई मध्यनजर गर्दै बालबालिकाको संरक्षणका लागि नेपाल प्रहरीसंगको सहकार्यमा स्थानीय प्रहरी इकाई मार्फत विशेष सचेतना कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

८५. आमाबाबुविहीन बालबालिकाको लागि आश्रीत परिवारमा रही हुर्कने तथा अवसर प्राप्त गर्ने वातावरण सिर्जना गर्न अनाथ बालबालिकाको लागि विषेश कार्यक्रम सञ्चालन गरिनेछ ।

८६. बालिकामैत्री, अपागतामैत्री सुरक्षित विद्यालय तथा स्वास्थ्य केन्द्रहरुकोप्रवर्द्धन गर्न पुर्वाधार सुधार तथा विद्यालयमा स्यानीटरी प्याड, बालिका र अपागता लक्षित खेलकुद लगायतका कार्यक्रमहरु सञ्चालन गर्ने नीति अवलम्वन गरिने छ ।

८७. हिंसा, दुर्व्यवहार तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि परामर्श, उद्दार, संरक्षण, कानूनी सहायता जस्ता कार्यका लागि बाल हेल्पलाइन सेवा (१०९८) र बालबालिका खोजतलास केन्द्र (१०४) मा समन्वय गर्ने र अस्थायी संरक्षण तथा पुन:स्थापना केन्द्र सञ्चालनको सुनिश्चितता गर्ने व्यवस्था मिलाउन विभिन्न संघ संस्थासंग समन्वय र सहाकार्यको सुनिश्चितता गरिने छ।

८८. पोषणमैत्री, वातावरणमैत्री र युवामैत्री स्थानीय तह घोषणा कार्यक्रमलाई विशेष अभियानका रुपमा सञ्चालन गरिने छ ।

८९. वडा र नगरस्तरमा वार्षिक रुपमा बालक्लव गठन, पुनर्गठन तथा उत्कृष्ट बालक्लवलाई वार्षिक सम्मान तथा पुरस्कारको व्यवस्थापन गर्ने, बालक्लवलाई बालबालिकाको योग्यता र क्षमताको





आधारमा नेतृत्व गर्ने अवसर प्रदान गर्ने साथै न्यूनतम ५१ प्रतिशत बालिकाको सहभागितालाईसुनिश्चित गरिने छ ।

९०. बालिका तथा किशोरी सशक्तिकरणको लागि रेडियो कार्यक्रम, राष्ट्रिय बाल दिवस भाद्र २९, अन्तर्राष्ट्रिय बाल दिवस नोभेम्बर २०, अन्तर्राष्ट्रिय बालिका दिवस ११ अक्टोबर, अन्तर्राष्ट्रिय युवा दिवस, अगष्ट १२, सामाजिक सुरक्षा सप्ताह (२५ देखि २८ नोभेम्बर)मा विविध कार्यक्रम सञ्चालन गरिने छ ।

९१. विभिन्न महामारीको असरबाट बालबालिकालाई जोगाउन तथा न्यूनीकरण गर्न, वैकल्पिक शिक्षा, सेवा प्रवाह, बालमैत्री, किशोरी मैत्री, अपांता मैत्री, मनोपरामर्श, आइसोलेसन, स्थानीय स्वास्थ्य सेवा प्रवाहमा सोही अनुसार संरचना, पोषणयूक्त खाना सहितको सुरक्षा किटको व्यवस्था गर्ने कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिने छ ।

९२. जेष्ठ नागरिक, अपांगता भएका, एकल महिला, सुत्केरी, गर्भवती, बाबुआमा विहिन, बालबालिका, सिमान्तकृत वर्गको लागी विषेश आकस्मिक कोष र बालकोषबाट सहयोग प्रदान गरिने छ ।

९३. "सुनवलका महिला, उद्यममा पहिला" भन्ने नाराका साथ UNOPs संगको साझेदारीमा महिला मैत्री नगर निर्माण अभियानलाई अगाडी बढाइनेछ ।

श्रम रोजगार तथा सामाजिक सुरक्षा :

९४. सामाजिक सुरक्षा कार्यक्रमलाई पारदर्शी , जवाफदेही, उत्तरदायी र सेवाग्राही मैत्री बनाइने छ ।

९५. स्थानीय स्तरमा बालबालिकाको घटना व्यवस्थापन गर्ने बालबालिका सम्बन्धी ऐन, २०७५ ले व्यवस्था गरेको समाजसेवी तथा बाल मनोविज्ञ जनशक्तिको उत्पादनका लागि विशेष तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिने छ ।

९६. सामाजिक सुरक्षा तथा पञ्जिकरण अभियानमा छुट भएका/हुनसक्ने नागरिकहरुलाई उक्त कार्यक्रममा समावेश गराउन अभियानमुखी कार्यक्रम संचालन गरिनेछ ।

९७. घटना दर्ता र पंजिकरण सम्बन्धि गुनासा र सो संग जोडिएका जटिल विषयमा सहजिकरण गरीसेवा प्रवाहलाई नागरिकमैत्री बनाइनेछ ।

९८. विपन्न नागरिकका लागि गास वास र कपास लगायतका आधारभूत आवश्यकता परिपूर्तिमा थप टेवा पुगोस भन्ने उद्देश्यका साथ कपडा बैंक स्थापना गरी व्यवस्थापन गरिनेछ ।

९९. सामाजिक सुरक्षालाई व्यवस्थित र प्रभावकारी बनाउन सामाजिक सुरक्षा ईकाइमा आवश्यक सामग्री खरिद तथा तालिमको व्यवस्था गरि आगामी वर्षदेखि वायोमेटिक प्रणालीमा लगिने छ ।

१००. नागरिकको सामाजिक सुरक्षालाई मध्यनजर गर्दै विगत देखि उपलब्ध गराउदै आएको मृत्युसंस्कार खर्चलाई निरन्तरता दिईनेछ ।

पुर्वाधार विकास तर्फ:

भवन तथा बस्ती विकास

१०१. आवास बिहिन नागरिकहरुलाई आवासको सुनिश्चितता गर्न अन्तरनिकाय समन्वयमा विपन्न आवास कार्यक्रम संचालन गरिनेछ । विपन्न नागरिकको सुरक्षित वस्न पाउने अधिकारलाई सुनिश्चित गर्न विपन्न नागरिक टिनको छाना कार्यक्रम संचालनलाई निरन्तरता दिइने छ ।

१०२. भौगोलिक अवस्था, जमिनको अवस्थितिका आधारमा विकास हुने बस्तीहरुलाई आधुनिक र नमुना वस्तीको अवधारणा अनुरुप विकास गरिनेछ ।

१०३. सुनवल ६ तिलकनालाईनगरको **मौलिक नमूना बस्तीको** रुपमा विकास गर्ने कार्यक्रम लाई निरन्तरता दिइनेछ ।



Scanned with CamScanner

१०४. व्यक्ति, समुदाय तथा उद्योगको भवन निर्माणका लागि नक्सापास प्रणालीलाई अनिवार्य गरी स्मार्ट सफ्टवेयर प्रणालीमा आवद्ध गरिनेछ ।

१०५. भवन निर्माण गर्दा अनिवार्य नक्सापास गनुपर्ने व्यवस्थालाई कडाइका साथ लागु गरिनेछ । भूकम्पिय जोखिम न्यून गर्न भवन आचार संहिताको पूर्णपालना गरिनेछ ।

१०६. थारु मिलन केन्द्रसंगको समन्वय तथा सहकार्यमा वडा नं. ९ मा विपन्न थारुहरुका लागि नि:शुल्क आवासको व्यवस्था गरिनेछ ।

**भौतिक पूर्वाधार**

१०७. उपभोक्ता समिति तथा लाभग्राही समुदायबाट सञ्चालन गरिने आयोजनाहरु लाई उपभोक्ता समिति गठन, सम्झौता, कार्यान्वयन र भुक्तानी सम्बन्धि उपभोक्ता समितिका पदाधिकारी, टोल विकास समिति र जनप्रतिनिधीलाई अभिमुखीकरण गरिनेछ ।

१०८. नगर क्षेत्र भित्रका मर्मत गर्नु पर्ने सडकहरुमा मर्मत सम्भारका लागी मर्मत सम्भार कोषको व्यवस्था गरि मर्मत सम्भारको व्यवस्था गरिनेछ ।

१०९. नगरका १३ वटै वडाबाट अन्तरपालिका र अन्तर वडा कार्यालय नगर स्तरिय गौरबका कम्तीमा एक आयोजना छनौट गरी टुक्रे आयोजना छनौट गर्ने परम्परालाई अन्त्य गरिने छ ।

११०. नगरपालिका बाट सञ्चालन गरिने आयोजनाहरु लाई लाभग्राही समुदायको सहभागीता हुने आयोजना छनौटमा प्राथमिकता दिईनेछ ।

१११. संघीय सरकार, प्रदेश सरकार र अन्य गैर सरकारी संस्थाहरु सँगको साझेदारीमा सह लगानी र सम्पुरक अनुदानमा आयोजना सञ्चालन लाई प्राथमिकता दिईनेछ ।

११२. नगर भित्र सञ्चालन भई सम्पन्न भएका आयोजनाहरु लाई सम्बन्धित उपभोक्ता समिति, टोल विकास संस्था र वडा कार्यालयलाई आयोजना हस्तान्तरण गरि मर्मत सम्भार र रेखदेखको जिम्मेवार बनाईनेछ ।

११३. स्विकृत बार्षिक बजेट अनुसारका आयोजनाहरु लाई कार्यान्वयन गर्दा प्याकेजमा उपभोक्ता सिमिति र ठेक्का प्रकृया मार्फत बार्षिक (क्यालेण्डर) अनुसार कार्यान्वयन गरिनेछ ।

११४. नगर स्तरबाट सञ्चालन भएका आयोजनाहरुको अनुगमन, जाँचपास र फरफारक लाई प्रभावकारी बनाईनेछ ।

११५. नगरपालिकाको आयोजना सञ्चालनको प्रकृयालाई छिटो छरितो र पारदर्शि रुपमा विद्युतिय प्रणाली मार्फत गरिनेछ.

११६. आयोजना छनौट गर्दा उक्त आयोजनाको सम्भाव्यता अध्ययन र लागत अनुमान गरेर मात्र रकम विनियोजन गरिनेछ

११७. आयोजना सञ्चालन गर्दा देखा परेको समस्या लाई अन्त्य गर्न योजनाको सम्भाव्यता अध्ययन गरेर मात्र बजेट बिनियोजन गरिनेछ ।

११८. नगर भित्रका ठुला आयोजनाहरुमा सम्भाव्यता अध्ययन, ड्रइङ डिजाइन र डिपिआर गरि आयोजनामा बजेट विनियोजन गरी कार्यान्वयन गरिनेछ ।





११९. नगर भित्रका ठुला आयोजनाहरुलाई ठेक्का मार्फत संचालन गर्दा कार्य तालिका को सुनिस्चितता गरी मात्र आयोजना संझौता गरिनेछ।

१२०. आयोजना छनोट गर्दा अधुरो आयोजना लाई पहिलो प्राथमिकता दिईनेछ।

१२१. भवन नक्सा पास प्रक्रियामा विद्युतीय प्रणालीलाई निरन्तरता दिइनेछ । साथै पुराना मिसिलहरुलाई अनलाइन प्रक्रियामा अद्यावधि गरिनेछ ।

१२२. सुनवलमा नयाँ निर्माण, मर्मत वा प्रबलीकरण हुने भवनहरूमा उर्जा खपत कम गरी, भवनलाई उर्जा प्रभावकारी बनाउने प्रयोजन र जलवायू अनुकुल डिजाइनलाई प्रोत्साहन गर्नका लागि भवन मापदण्डमा आवश्यक सुधार वा परिमार्जन गरी नक्सापास प्रक्रियामा नियमन गर्ने व्यवस्था लागू गरिनेछ ।

१२३. सुनवलमा नयाँ निर्माण, मर्मत सम्भार वा प्रबलीकरण गरिने भवनहरूमा विपद जोखिम न्युनीकरण तथा जलवायू अनुकुल डिजाइनलाई प्रोत्साहन गर्न र उर्जा प्रभावकारीता सुनिश्चित गर्न नगरपालिकामा कार्यरत प्राविधिक कर्मचारी, दर्तावाला डिजाइनर तथा अन्य सम्बन्धित लघु,साना तथा मध्यम व्यवसायीहरुको क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ ।

१२४. सुरक्षित घरका लागि नयाँ बन्ने घरहरूलाई नक्सापासको मापदण्ड भित्र ल्याइनेछ । नक्सापास नगरी घर बनाउने कार्यलाई निरुत्साहित गरिनेछ।नक्सापास नगर्ने घरधनीलाई सुनवल नगरपालिकाबाट उपलब्ध गराउने सेवा सुविधा साथै विद्युत पानीको सिफारिस समेत कटौति गरिनेछ ।

१२५. जलवायू अनुकूल डिजाइनलाई प्रोत्साहन गर्न र भवनलाई उर्जा प्रभावकारी बनाउने विषयमा सूचना प्रविधिको प्रयोग गरी प्रचारप्रसार गर्नुको साथै वडा तथा टोलस्तरमा भेला आयोजना गरी सचेतना अभिवृद्धि गरिनेछ ।

१२६. सुनवल नगरपालिकामा पर्यटक आकर्षित गर्ने र रोजगारी सृजना तथा उत्पादन मुलक उध्योग ,बिधालय तथा अस्पताल निर्माणका लागि जग्गा करार सम्झौता गरी बनाइने भवनहरुलाई पनि नक्सापास दिने ब्यवस्था मिलाइनेछ।

१२७. सुनवलमा बनिसकेका भवनहरुलाई प्रबलीकरण गरि तला थपको निर्माणको अनुमती दिने ब्यवस्था मिलाइनेछ।

१२८. बहुतले भवन (५ तला भन्दा बढी वा सडकको जमिनको सतह बाट १७ मिटर भन्दा बढी उचाई भएको भवन) हरुलाइ पनि प्राविधिक समिति बनाई निर्माण अनुमती दिने व्यवस्था गरिनेछ।नगरपालिकाले किटान गरेका सडक र सडकक्षेत्रभित्रमा भवन बनाउदा बध्दो अव्यवस्थित पार्किङ लाई ब्यवस्थित गर्न अनिवार्य पार्किङका लागि Basement निर्माण गर्ने ब्यवस्था मिलाइनेछ।

१२९. आगामी आर्थिक बर्ष देखी सुनवल नगरपालिकामा नक्सापास प्रकृयामा नेपाल राष्ट्रिय भवन संहिता (NBC 105:2020) कार्यान्वयनमा ल्याईनेछ।साथै ग वर्गका भवनहरुको लागी (NBC 201:2024 र NBC 205:2024)कार्यान्वयन गरिने छ।

१३०. शहरीकरण व्यापकरुपमा बढिरहेको र जमिनको सिमितता भएकोले जमिनको एकिकरन गरि बस्ती बिकास गर्न प्रोत्साहित गरिनेछ।जग्गा एकिकरण गर्न र जथाभावि भईरहेको जमिन खण्डिकरण लाइ व्यवस्थित गर्न नगरपालिकाले जग्गा बिकास कार्यबिधि निर्माण गरि लागु गर्नेछ।। नगरक्षेत्र भित्री आधुनिक बस्ती स्थापनाको लागि Land Pooling को सम्भाव्यता अध्ययन गरी कार्यथालनी गरिनेछ ।

१३१. पुराना बस्तीहरु भएका ठाउहरुमा शहरलाई सुन्दर तथा जनतालाई सम्बृद्द बनाउन House Pooling गरि बिकास गर्न प्रोत्साहित गरिनेछ।यसरी House Pooling गर्दा लाग्ने कर तथा दस्तुर हरुमा नगरपालिकाले निर्णय गरि सहुलियत दिन सक्नेछ।

**सडक, पुल तथा यातायात र सिंचाई :**

१३२. सवै वडालाई नगरकेन्द्रसंगको पहुंचमा सहजता ल्याउनका लागि नगरसंगको पहुंचमार्ग निर्माण तथा सुधार कार्यलाई निरन्तरता दिईनेछ ।

१३३. नगरपालिकाको समग्र पूर्वाधारको स्थिति देखिने गरी पूर्वाधार प्रोफाईल निर्माण गरी निर्माण, पुननिर्माण तथा नविन निर्माणको कार्यलाई सार्वजनिक, निजी, साझेदारी कार्यक्रम अन्तरगत अगाडि बढाईने छ ।

१३४. नगरपालिकाको यातायात गुरुयोजना अनुसार सडकको क्षेत्राधिकार, आवश्यक सडक, पुल, नगर रिङरोड, नगर क्षेत्रभित्र सडक नभएको बस्तीमा सडक पुऱ्याउने जस्ता कार्यहरुलाई व्यवस्थित गरिने छ ।

१३५. सडक क्षेत्रमा हरियाली प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ ।

१३६. उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न बांझो जग्गा नराख्ने नीति अवलम्बन गरी भूमिगत सिंचाई प्रणालीलाई प्राथमिकता दिईनेछ ।

१३७. पानीको मुहान, सिंचित जमिनको अवस्थालाई हेरी लिफ्ट सिंचाई प्रणालीलाई प्राथमिकता दिईनेछ ।

१३८. परापूर्वकालदेखि चलि आएका कुला तथा नहरहरु संरक्षण र पुर्ननिर्माणको नीति अवलम्बन गरिनेछ ।

**जलश्रोत, उर्जा तथा स्वच्छ उर्जा**

१३९. जलश्रोत संरक्षणका लागि वैकल्पीक उपायहरु अवलम्बन गरिने छ ।

१४०. सुनवल नगरपालिकालाई उर्जायुक्त नगरपालिका बनाउन आवश्यक पहल गरिनेछ ।

१४१. बढ्दो उर्जा खपतलाई मध्येनजर गरी वैकल्पिक उर्जा सदुपयोगमा जोड दिईनेछ ।

**सूचना तथा संचार प्रविधि**

१४२. पुर्व पश्चिम लोकमार्ग निर्माणपछि ग्रीनरी, लाईटिङ सि सि टिभि सहितको डिजिटल हाइवेको रुपमा विकास गर्न पहल गरिनेछ ।

१४३. सूचना प्रविधीमैत्री नागरिक तथा प्रविधीमा नागरिकको पहुंच पुऱ्याउन नगरका महत्वपूर्ण स्थानहरुनगरपालिका कार्यालय, वडा कार्यालय र स्वास्थ्य कार्यालय, सुनवल चोक, भुमहि चोक, बाबा वर्दगोरिया, शहिद विष्णु पाण्डे प्रतिष्ठान, प्रगति बालउद्यान, हिलपार्क, कृष्णधाम र देवदह (तरगौली ताल), स्वाठी चोक, नगरपालिका पहुँचमार्गमा फ्रि वाईफाई सेवा शुरु गरिने गरिनेछ ।

१४४. नगरपालिकाको सम्पूर्ण क्षेत्रमा गुणस्तरिय सूचना तथा संचार प्रविधी पुऱ्याउन पहल गरिनेछ ।





१४५. नगरपालिकाको सेवा प्रवाहलाई क्रमशः पेपरलेस सेवामा रुपान्तरण गर्न आवश्यक पहल गरिनेछ ।

१४६. सूचना प्रविधीसंग सम्बन्धित निकाय नेपाल टेलिकम, निजी क्षेत्र लगायत कृयाशिल संस्थाहरुको समन्वयमा सूचना तथा प्रविधीको प्रयोग, विविधीकरण र सरलीकरण सम्बन्धमा प्रकिकृत प्रयास गरिनेछ

**सुशासन तथा संस्थागत विकास तर्फ:**

**नीति, कानुन, न्याय तथा सुशासन**

१४७. नगरपालिकाको समग्र विकासात्मक, प्रशासनिक तथा अन्तरनिकाय समन्वयका गतिविधी संचालन गर्न निर्माण गर्न बांकी ऐन, नियम, कार्यविधी तथा दिग्दर्शन, मापदण्ड निर्माण गरी बजेट कार्यान्वयन प्रकृयालाई सरलीकृत गरिनेछ ।

१४८. सुशासनका महत्पूर्ण अंगहरु पारदर्शीता, जवाफदेहीता कायम गर्न जनप्रतिनिधी र कर्मचारीको आचारसंहिता निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१४९. नगरपालिकाको स्थानीय, राष्ट्रिय पहिचान अभिवृद्धि गर्न आन्तरिक पालिका-पालिका तथा बाह्य सरकार तथा स्थानीय सरकारसंग भगिनी सम्बन्ध कायम गरी सुनवल नगरपालिकाको पहिचान वृद्धि गर्न पहल गरिनेछ ।

१५०. नगरपालिकावाट प्रवाह हुने सेवा तथा विकास कार्यलाई पारदर्शी र जवाफदेही वनाउन आवधिक रुपमा सार्वजनिक सुनुवाई गरिनेछ ।

१५१. हरेक योजनाहरुमा सार्वजनिक परिक्षण अनिवार्य गरिनेछ । आयोजनास्तरको अनुगमन समिति मार्फत योजनाहरुको स्वअनुगमन प्रणालीलाई थप सुदृढ वनाइनेछ ।

१५२. न्यायिक समिति मार्फत सामाजिक न्याय तथा समुदायतहका विवादहरु मेलमिलापको माध्यमवाट जितजितको अवस्थामा समाधान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

**संगठन तथा क्षमता विकास**

१५३. नगरपालिकाको प्रशासकीय भवन परिसरको बांकी निर्माण कार्य, सौन्दर्यकरण र भित्रि फर्निचर तथा फिक्चर्सको काम सम्पन्न गरिनेछ ।

१५४. कर्मचारी र जनप्रतिनिधीको क्षमता विकासका लागि क्षमता विकास योजना निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ ।

१५५. कर्मचारीहरुको पेशागत सुरक्षाका लागि क्रमशः सामाजिक सुरक्षा कोषमा आवद्ध गर्दै जाने नीति अवलम्बन गरिनेछ ।

१५६. नगरपालिका प्रशासनिक भवनमा लिफ्टको व्यवस्था गरिनेछ ।

१५७. नगरपालिकामा दातृसंस्था मार्फत दमकल प्राप्ती पश्चात तत्काल त्यसको संचालन तथा व्यवस्थापनको व्यवस्था मिलाइनेछ ।

१५८. अन्तरपालिका समन्वय तथा सहकार्यलाई जोड दिइनेछ ।

१५९. न.पा. भित्र रहेका विभिन्न संघ संस्थाहरुसंगको सहकार्यमा नगरमा विविध रचनात्मक सामाजिक तथा भौतिक कार्यक्रम संचालन गरिनेछ ।

१६०. दिगो विकास लक्ष्य प्राप्तीका लागि तोकिएका सूचकहरु पूर्तिका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।



Scanned with CamScanner

जनशक्ति विकास तथा सेवा प्रवाह

१६१. जनशक्ति विकासका लागि जनशक्ति विकास योजना निर्माण गरी लागू गरिने छ ।

१६२. जनशक्तिको माग र पदपूर्ति प्रक्रिया थप व्यवस्थित गरिनेछ ।

१६३. सेवा प्रवाहलाई संजालीकरण गर्दै सूचना प्रविधीमा आवद्द गरिने छ ।

१६४. कार्यसम्पादनलाई सरलीकृत, प्रतिस्पर्धात्मक तथा नागरिकमैत्री बनाउन सम्पूर्ण शाखा, उपशाखा, इकाइ बीच कार्यसूचकका आधारमा करार सम्झौता गरिनेछ ।

१६५. कर्मचारीको कार्यसम्पादनका आधारमा पुरस्कार र दण्डको व्यवस्था मिलाईनेछ ।

१६६. नगर प्रहरिको १५ जनाको करार दरवन्दी कायम गरि तत्काल पदपुर्ति गरिने छ ।

१६७. सेवाग्राहीहरुलाई राजमार्गवाट नगरको प्रशासकिय भवनसम्म निशुल्क रुपमा आउन जान नगरले नियमित रुपमा एक थान ई रेक्सा संचालन गर्ने व्यवस्था मिलाईने छ ।

१६८. कर्मचारीहरु तथा पदाधिकारीहरुको क्षमता विकासका लागि विभिन्न तालिम, गोष्ठी तथा सेमिनार संचालनका साथै Exposure Visit को व्यवस्था गरिनेछ ।

१६९. वडा तथा स्वास्थ्यसंस्थाहरुमा देखापरेका मेशिनरी उपकरण, व्यवस्थापकिय समस्याहरुलाई तत्कास समाधान गर्ने व्यवस्था मिलाई नागरिकलाई सहज सेवा उपलब्ध गराइनेछ ।

तथ्यांकीय प्रणाली

१७०. नगरपालिका भित्रको भौगोलिक, समाजिक, आर्थिक तथा पूर्वाधारजन्य स्थितिको यर्थाथ अवस्था झल्किने गरी खण्डिकृत तथ्यांक सहितको नगर पार्श्व चित्र निर्माणका लागि आवश्यक व्यवस्था मिलाईने छ ।

१७१. नगरपालिकाको सडक यातायात गुरुयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ।

१७२. नगरपालिका भित्र रहेका सम्पूर्ण सम्पतिहरुको विवरण संकलन गरी प्रभावकारी प्रयोगका लागि तथ्यांकीय प्रणालीमा आवद्ध गरिने छ ।

योजना र विकास व्यवस्थापन

१७३. नगरपालिका भित्रका महत्वपूर्ण योजनाहरुको प्रोजेक्ट बैंक (Project Bank) निर्माण गरी क्रमश: कार्यान्वयन गर्ने परिपाटीलाई निरन्तरता दिइने छ ।

१७४. स्वीकृत योजना तथा कार्यक्रमहरु एकद्धार प्रणाली अन्तरगत योजना तथा अनुगमन शाखाबाट संचालन गरिनेछ ।

१७५. नगरपालिका भित्र रहेका विभिन्न संघ संस्था, समिति, समूह, क्लब लगायत सम्पूर्ण संगठित संस्थाहरुको विवरण सहितको प्रोफाईल निर्माण गरी क्षमताका आधारमा नगरको समग्र विकासमा परिचालन गर्ने नीति अवलम्बन गरिने छ ।

१७६. बजेट कार्यान्वयनका लागि बजेट कार्यान्वयन कार्ययोजना निर्माण गरी कार्ययोजना अनुसार कार्यान्वयनमा ल्याईने छ ।

१७७. योजना तथा कार्यक्रमहरु खरिद योजना, खरिद गुरुयोजना निर्माण गरी कार्यान्वयनमा ल्याईने छ ।

१७८. समग्र बजेट तथा योजनालाई मध्यावधी खर्च संरचना, दिगो विकास लक्ष्य, लैंगिक बजेटका सूचकहरु कार्वान्वयन हुने गरी स्थानीयकरण गरिनेछ ।

१७९. गत विगतका अधुरा योजनाको भुक्तानीका लागि रकम व्यवस्थापन गरिनेछ ।





आर्थिक विकास क्षेत्र

कृषि विकास

१८०. कृषि, पशु तथा जडीबुटीजन्य उत्पादन तथा प्रशोधन जस्ता व्यवसायिक आयमूलक कार्यक्रमहरु गैसस र निजी क्षेत्रको साझेदारमा संचालन गरिनेछ ।

१८१. निर्वाहमुखी कृषिलाई आधुनिक र व्यावसायिक बनाउँदै कृषि उत्पादनमा आत्मनिर्भर तुल्याउन यान्त्रिकीकरण तथा विशिष्टीकरण गरिनेछ ।

१८२. प्रमुख बाली लक्षित कार्यक्रम मार्फत कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि, खाद्य सुरक्षा, बजारीकरणका साथै कृषकको आम्दानी वृद्धि गरिनेछ।

१८३. माटोको जैविक गुणमा हास आउन नदिन प्रांगारिक मलको प्रयोगलाई प्रोत्साहन दिंदै विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

१८४. जैविक विविधतामा आउने हासको जोखिम न्यूनीकरण गर्दै जैविक विषादीको उपयोगलाई प्रोत्साहन गरिनेछ।

१८५. नगरपालिका भित्रका कृषियोग्य भूमिको संरक्षण, बाँझो जमिनको उपयोग, चक्लाबन्दी, बगर खेति र करार खेतीलाई प्रवर्धन गरिनेछ ।

१८६. कृषिको उत्पादकत्व वृद्धिका लागि साना सिँचाइ कार्यक्रम मार्फत् सिंचित क्षेत्र विस्तार गरिनेछ ।

१८७. कृषिको जैविक विविधता, कृषकको परम्परागत ज्ञान, सीप र प्रविधिको संरक्षण र प्रवर्धन गरिनेछ ।

१८८. रासायनिक विषादी र रासायनिक मलको प्रयोगमा न्यूनीकरण गरि माटोको गुणस्तर सुधारका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

१८९. कृषि क्षेत्रको विकासका लागि निर्माण गरिएका पूर्वाधार तथा वितरित कृषि उपज ढुवानीका साधन, ठूला मेसिन, औजार उपकरणहरु पूर्ण क्षमतामा उपयोगमा ल्याउने व्यवस्था मिलाइनेछ।

१९०. कृषि व्यवसाय तालिम तथा नविनतम प्रविधि प्रसारको माध्यमबाट कृषकको क्षमता विकास गरि स्वरोजगार प्रदान गरिनेछ।

१९१. समग्र कृषि विकासका लागि अन्तर निकाय समन्वयमा ब्लक, पकेट र जोन कार्यक्रम संचालन गरिने छ ।

१९२. कृषि विकासमा १ वडा १ उत्पादनको नीति अवलम्बन गरिनेछ ।

१९३. कृषि उद्यमलाई प्रभावकारी बनाउन कृषि उत्पादन बजार सुनिश्चित कार्यक्रम संचालन गरिनेछ ।

१९४. समग्र कृषि क्षेत्रको उन्नतीका लागि कृषि विकास प्रवर्द्धन कोष खडा गरी कोषको माध्यमद्धारा कृषिमा अनुदान, उत्पादनमा बजारीकरण कार्यक्रम संचालन गरिनेछ ।

१९५. मुख्य खाद्यान्न बाली, तरकारी, फलफूल, फूल, माछा, दुध, मासु, अण्डा र तेलहन तथा लहरे बाली लगायतका कृषिजन्य बाली बस्तुको पकेट क्षेत्र पहिचान गरी कार्यक्रमसंचालन गरिनेछ ।

१९६. आधुनिक तथा नविनतम कृषि औजार, उपकरण, मेशीनरीको प्रयोगलाईप्राथमिकताका दिईनेछ रथप आयआर्जका निमित्त उपलब्धजनशक्तिलाई आकर्षण गरिनेछ ।

१९७. वैज्ञानिक भू-उपयोग प्रणालीको सिद्धान्तलाई आत्मसाथ गर्दै जमिनलाईकृषि तथा गैर कृषि प्रयोजनका आधारमा बिभाजन गरी उर्वरभूमिलाईगैर कृषि प्रयोजनका लागि उपयोगमा ल्याउन निरुत्साहित गरिने छ । बांझो जमिनमा नगरपालिकाले भूमिहीन किसान, अल्प समुदाय, लक्षितबर्ग वा अन्य बिपन्न कृषकलाई खेती करारनामा गरी करार खेतीकोअवधारणाको विकास गरिनेछ ।सरकारी जग्गामा चक्लाबन्दी गरीनमूना फार्महरु संचालन गरिनेछ ।

१९८. उत्पादित कृषि बस्तुको सहज प्रवाहको लागि कृषि सडकको स्तरोन्नतीगरिनेछ।



Scanned with CamScanner

१९९. भूगोल सुहाउंदो उपयुक्त कृषि प्रविधिको अनुसन्धान, विकास तथा प्रसारगरिनेछरत्यसका लागि प्रदेश तथा संघीय सरकारसंग समन्वयगरिनेछ ।

२००. बगर तथा बांझो खेतीयोग्य जमिनमा सम्भावनाको आधारमा कृषि बालीउत्पादन, घांस खेती, फलफूल खेती वा अन्य नविनतम कृषि प्रणालीकोमाध्यमबाट आयआर्जन गर्न प्राथमिकता दिईनेछ ।

२०१. साना कृषकहरुलाई बिशेष खालका कृषि विकास कार्यक्रम मार्फतसंबोधन गरिनेछ ।पाँच कठ्ठा भन्दा थोरै जमिन भएका किसानलाई सानाकृषकको रुपमा बर्गीकरण गरिनेछ ।

२०२. कृषि व्यवसाय तालिम तथा नविनतम प्रबिधि प्रसारको माध्यमबाट कृषकको क्षमता विकास गरी स्वरोजगार प्रदान गरिनेछ । बैदेशिकरोजगारीबाट फर्केका युवालाई लक्षित गरी तालिमको व्यवस्थामिलाइनेछ ।यस्ता युवालाई तालिम पश्चात कृषि कृयाकलाप गर्न उत्प्रेरितसमेत गरिनेछ ।

२०३. नगर कृषक सञ्जाल गठन गरी नगरको कृषिका अवसर तथा चुनौती बारेछलफल गर्दै रोजगारीका क्षेत्रहरु पहिचान गरिनेछ ।संजाल मार्फत नीतिगत सुझाव तथा अनुगमन कार्यमा तिब्रता दिईनेछ ।

२०४. किसान सूचीकरण कार्यक्रम संचालन गरिनेछ ।

२०५. नगरमा रहेका छाडा गाई व्यवस्थापनका लागि गौशालालाई थप व्यवस्थापन गरिनेछ ।

२०६. कृषि सिंचाई तर्फ विशेष कार्यक्रम संचालन गरि खेतियोग्य जमिनमा सिचाइको व्यवस्था गरिने छ ।

## पशुपंक्षि विकास

२०७. एक वडा कम्तीमा १ पशु फर्म अभियान संचालन गरिनेछ ।

२०८. निर्वाहमुखी कृषि प्रणालीलाई आधुनिक र व्यावसायिक बनाउँदै पशुजन्य उत्पादनमा सुनवल नगरपालिकालाई आत्मनिर्भर तुल्याउन पशुपालनमा यान्त्रिकीकरण तथा विशिष्टीकरण गरिने छ ।

२०९. पशुपन्छी र मत्स्य क्षेत्र लक्षित कार्यक्रममार्फत कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि, खाद्य सुरक्षा र कृषकको आम्दानी वृद्धि गरिनेछ।

२१०. स्वच्छ दुध तथा दुग्ध पदार्थ, अण्डा र मासुजन्य वस्तुको उत्पादन तथा निर्यात प्रवर्धन गरिनेछ।

२११. नगरपालिका भित्रका पशुहरुमा, पशुपन्छीजन्य रोग नियन्त्रणका लागि पुर्ण खोप कार्यक्रम सञ्चालनको सुरुवात गरिनेछ।

२१२. कृषि उपजको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै खाद्य सुरक्षा, खाद्य सम्प्रभुता तथा पोषणको सुनिश्चितता गरिनेछ। कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण, व्यावसायीकरण तथा बजारीकरणमार्फत् तुलनात्मक लाभ एवम् प्रतिस्पर्धात्मक क्षमताका बालीवस्तुको उत्पादनमा वृद्धि गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्धन गर्न प्रोत्साहन गरिनेछ।

२१३. पशुपन्छी तथा मत्स्यपालनमा उत्पादकत्व वृद्धि गर्न नश्ल सुधार, यान्त्रिकीकरण, आहार व्यवस्थापन, खोप सेवा, रोग निदान तथा उपचार सेवालाई विस्तार गर्दै लगिनेछ। पशुजन्य उत्पादनको लागत कम गर्न हरियो घाँसमा आधारित पशुपालन व्यवसायलाई प्रवर्धन गरिनेछ।

२१४. दलित, सीमान्तकृत, विपन्न, भूमिहीन लगायतका समुदायको जीवनस्तर सुधार गर्न रोजगारी तथा आय आर्जन अभिवृद्धि हुने गरी लक्षित समुदाय विशेष पशुपन्छीपालन कार्यक्रम सञ्चालन गरिनेछ।

२१५. सुनवल नगरपालिका भित्र पशुपालन गरेका कृषक तथा व्यावसायिक पशुपालक कृषकहरुलाई पशु सेवा केन्द्र मार्फत प्राविधिक सेवा तथा निःशुल्क औषधि उपचारको व्यवस्था गरिने छ। साथै पशु





उपचार सेवा नपुगेका दुर्गम क्षेत्रका पशुपालक कृषकलाई लक्षीत गरि पशु स्वास्थ्य शिविर, DOOR TO DOOR, घुम्ती प्राविधिक परामर्श तथा उपचारको विशेषज्ञ सेवा प्रदान गर्ने व्यवस्था गरिनेछ।

२१६. खुला रुपमा छोडिएका छाडा पशुचौपायाको उचित व्यवस्थापन गरिने छ ।साथै नगरपालिका क्षेत्र भित्र रहेका छाडा तथा भुस्याहा कुकुरहरुको बन्ध्याकरण र भ्याक्सिनेसन कार्यक्रमलाई विस्तार गर्दै क्रमशः सबै क्षेत्रमा पुर्‍याईनेछ।

२१७. पशुपंक्षी विकास तथा बजारीकरणलाई आवश्यक पहल गरिनेछ ।

२१८. पशुपंक्षी रोग निवारण, पशु सुरक्षा तथा पशुपंक्षी मार्फत सुनिश्चित आयआर्जनका लागि उत्पादनमा आधारित अनुदान, विमा तथा पशु उपचार सेवालाई अभियानका रुपमा संचालन गरिनेछ ।

२१९. उल्लेखित पशु विकास सेवामा टेवा पुर्‍याउन पशु विकास कोष खडा गरी कार्यान्वयनमा ल्याईने छ ।

२२०. नगरलाई दुधमा आत्म निर्भर वनाउन दुध चिस्यान केन्द्रको विकास र विस्तारमा लगानी वढाईने नीति लिईनेछ ।

२२१. पशु विमा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२२२. पशुपालक साना ठूला सबै किसानहरुमा सरकारद्धारा प्रदान गरिने सेवा तथा सुविधाको पहुंच विस्तार गरिने छ ।

## उद्योग, व्यापार तथा व्यवसाय

२२३. समग्र नगरपालिकाको उद्योग, व्यापार तथा व्यवसायको तथ्यांक अद्यावधीक गरिनेछ ।

२२४. साना तथा घरेलु उद्योग संचालन र संरक्षणमा जोड दिईनेछ । लगानीमैत्री वातावरण, उद्योगी र व्यवसायी मैत्री सेवा प्रवाहमा जोड दिइने छ । एक पटकका लागि साना तथा घरेलु उद्योगको विलम्व दस्तुर छुट दिएर नविकरणका लागि प्रोत्साहित गर्ने नीति लिईनेछ ।

२२५. साना व्यवसायहरुलाई संरक्षण गर्न व्यवसाय संचालनको वातावरण सुनिश्चित गर्ने नीति अवलम्बन गरिनेछ ।

२२६. ठूला उद्योग तथा व्यवसायलाई नगरपालिका क्षेत्रमा व्यवसाय संचालन गर्न अन्तर सरकार समन्वयमा सहजीकरण गरिनेछ ।

२२७. नगरपालिकाबाट निर्माणाधिन औद्योगिक ग्राममा उद्योग संचालनका लागि उद्योगी तथा व्यापारीहरुलाई आव्हान गरिनेछ ।

२२८. अशक्त, अपांग नागरिकद्धारा संचालित व्यवसाय दर्ता तथा संचालनमा केही राजश्व छुटको व्यवस्था गरिनेछ ।

## भाषा, कला, साहित्य, संस्कृति तथा पर्यटन :

२२९. नगरको समग्र पर्यटन विकासलाई मध्येनजर गरी पर्यटकीय सुनवल सर्किट निर्माण गरी अन्तर निकाय समन्वयमा लगानी बढाईनेछ ।

२३०. नगर भित्रका समग्र सांस्कृतिक पहिचानका क्षेत्रहरुको संरक्षण तथा संवर्द्धनका लागि लगानी बढाईनेछ ।

२३१. नगरपालिका भित्र परापूर्वकालदेखि चली आएका संस्कृतिहरुको यथार्थ पहिचान झल्कीने गरी सांस्कृतिक प्रोफाईल निर्माण गरी संरक्षणका लागि आवश्यक पहल गरिनेछ ।

२३२. नगर भित्रका धार्मिक, सांस्कृतिक एवं लोकपरम्परा र स्थलहरुको पहिचान, संरक्षण र विकासमा जनसहभागिता परिचालन गरी रोजगारी श्रृजना गरिनेछ ।



Scanned with CamScanner

२३३. नगरपालिका भित्र रहेका धार्मिक सास्कृतिक क्षेत्रमा क्रियाशिल समितिहरुको नगर स्तरीय सञ्जाल निर्माण गरि एकीकृत रुपमा संस्कृति संरक्षण तथा विकासमा सहभागिता वढाउने नीति अवलम्वन गरिने छ ।

२३४. नगरक्षेत्र भित्र रहेका पर्यटकीय स्थलहरु र अमुर्त सांस्कृतिक सम्पदाहरुको संरक्षण एवं सम्वर्द्धन गर्ने कार्यमा स्थानीय टोल विकास संस्था, आमा समूह, क्लव, संघसंस्थाहरु लगायत स्थानीय समुदायलाईपरिचाल गरी संरक्षण तथा सम्वर्द्धनको नीति अवलम्वन गरिनेछ ।

२३५. आन्तरिक र बाह्य पर्यटकवृद्धि गर्न तथा नगरपालिका भित्र रहेका सम्पूर्ण प्राकृतिक, सांस्कृतिक, धार्मिक, सामाजिक क्षेत्रका उल्लेखनिय संग्रहहरुको व्यवस्थापन गर्न सांकृतिक संग्रालयको निर्माण गर्न पहल गरिनेछ ।

२३६. जातिय तथा भाषिक एकतालाई मजवुत वनाउन विभिन्न जातजाति तथा भाषा संस्कृति संरक्षणमा लगानी गरिनेछ ।

**भूमि व्यवस्थापन**

२३७. नगरपालिका भित्र रहेका भूमिहिन दलित र भूमिहिन सुकुम्वासिलाई व्यवस्थित वसोवासको लागि जग्गा व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

२३८. भू-उपयोग ऐन, २०७६ र भूउपयोग नियमावली, २०७९ लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न आगामी आ.व.मा भूउपयोग क्षेत्र निर्धारण गरी नापी विभागको प्राविधिक सहयोगमा निर्मित जग्गा वर्गीकरण अनुसार जग्गाको वैज्ञानिक व्यवस्थापन गरि प्रगतिशिल कर प्रणालीमा आवद्ध गरिने छ ।

२३९. अव्यवस्थित वसोवासिलाई व्यवस्थित बसोवास गर्नका लागि जग्गा नापजांच कार्यलाई समयमै सम्पन्न गरी अव्यवस्थित वसोवासीलाइ व्यवस्थित गर्न वितीय, जनशक्ति लगायत आवश्यक स्रोत परिचालन गरिनेछ ।

२४०. नगरपालिका भित्र रहेका सार्वजनिक जग्गाहरु, सरकारी जग्गाहरुको नक्शांकन र सिमांकन गरी तारवार सहित संरक्षण कार्यलाई अगाडि वढाइने नीति लिईनेछ ।

२४१. वडा स्तरीय सिमाना, नगरपालिकाको सिमानामा देखिएका समस्याहरुलाई व्यवस्थापन गर्नका लागि आवश्यक प्रक्रिया अगाडि बढाइने छ ।

२४२. २०२४ सालमा नाप नक्सा भएका जग्गाको सांध सिमानाका बिवादहरु वढ्दै गएकोले नगरका सबै जग्गाहरुलाई पुन नापी गर्ने कार्यलाई विस्तार गरिनेछ ।

२४३. सुनवल नगरपालिका वडा नं. ४, १०, ७ र ८ को वनक्षेत्रमा रहेका Fire line लाई व्यवस्थापन गरिनेछ ।

**सहकारी तथा वितिय सेवा**

२४४. तीन खम्बे अर्थ नीति अन्तरगत सहकारी क्षेत्रको लगानीलाई सुरक्षित र प्रभावकारी बनाउने नीति अवलम्बन गरिनेछ ।

२४५. सहकारीसंग कृयाशिल जिल्ला संघ, नगरपालिकामा दर्ता भएका सहकारीहरुको बृहद सहकारी सम्मेलन गरी सहकारीको संरक्षण तथा नागरिकको रोजगारी श्रृजनामा आवश्यक पर्ने नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

२४६. नगरपालिका भित्र कृयाशिल वित्तीय संस्थाहरुलाई एकिकृत गरी लगानी सुरक्षण तथा लगानी प्रयोगमा एकरुपता ल्याउने नीति अवलम्बन गरिनेछ ।

२४७. समग्र नागरिकहरु वित्तीय पहुंचबाट बञ्चित नहुने संयन्त्रको निर्माण गरी वित्तीय साक्षरता लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।





२४८. वित्तीय सेवामा कृयाशिल निजी क्षेत्रहरुलाई थप प्रभावकारी बनाउन आवश्यक प्रकृया अगाडि बढाईनेछ ।

२४९. सहकारी र वित्तीय सेवाबाट थप रोजगारी श्रृजना गर्न आवश्यक पहल गरिनेछ ।

**श्रम रोजगारी तथा गरिबी निवारण**

२५०. प्रधानमन्त्री रोजगार कार्यक्रम, लघुउधम कार्यक्रमलाई थप प्रभावकारी बनाउदै रोजगारी सुनिश्चितता र गरिबी निवारणमा प्रभावकारी पहल गरिनेछ ।

२५१. समग्र निजी क्षेत्र (संघ संस्था, गैसस) बाट हुने श्रम व्यवस्थापन तथा गरिबी निवारण सम्बन्धी कार्यलाई एकिकृत गरी थप रोजगारी श्रृजना गर्ने नीति अवलम्बन गरिनेछ ।

२५२. नगरपालिका भित्र संचालित उद्योगहरुमा स्थानीय नागरिकलाई रोजगारी दिन आवश्यक पहल गरिनेछ ।

२५३. सामुदायिक वन, सहकारी क्षेत्र, वित्तीय क्षेत्र लगायत श्रम र गरिबी निवारणसंग सम्बन्धित कार्यलाई स्थानीय श्रमको प्रयोग गर्ने वातावरणको श्रृजना गरिनेछ ।

२५४. गरिवीको दुष्चक्रमा परेका नागरिकको उद्धारका लागि गरिवसंग उपमेयर कार्यक्रम सञ्चालन गरिनेछ ।

२५५. नगर भित्रका दक्ष अर्धदक्ष जनशक्तिको अभिलेखिकरण गरि सिप परिक्षणका लागि आवश्यक व्यवस्था मिलाइने छ ।

**वातावरण तथा विपद व्यवस्थापन क्षेत्र**

**वन, भू संरक्षण तथा जैविक विविधता:**

२५६. बन, वातावरण तथा मानव जातीको स्वास्थ्यलाई खलल पार्ने खालका वस्तु (जस्तै हानीकारक प्रतिबन्धित बिषादी, यन्त्र उपकरण, झारपात आदि) को प्रयोगलाई नगरभित्र पुर्णरुपमा निषेध गरिनेछ ।

२५७. वातावरण, मानव स्वास्थ, पशुपन्छी एवं जैबिक विविधतालाई नकारात्मक असर पुऱ्याउने गरी कुनैपनि उत्पादन, आयात र निर्यात गर्न नपाइने कुराको आवश्यक समन्वय गरी लागु गरिनेछ ।

२५८. वन , जैविकि विविधता संरक्षण तथा विकासकालागि वन संग सम्वन्धित सबै सरोकारवालाहरुको सहभागितमा विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

२५९. नगरपालिका भित्र क्रियाशिल सामुदायिक वन, वैज्ञानिक वन लगायत यस्ता प्रकारका संघ संस्थाको सञ्जाल निर्माण गरीसञ्जाल मार्फत वन व्यस्थापन, वनमा आधारित उद्यम विकास,जैविक विविधत संरक्षण तथा स्थानीय रोजगारीसिर्जना गर्ने नीति अवलम्वन गरिने छ ।

**वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन**

२६०. नगरको फोहोरलाई वर्गिकरण गरी गल्ने, कुहिने र सड्ने फोहोरलाई मलमा रुपान्तरण गरी घर बगैंचा, कौसी तथा करेसाबारीमा प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।

२६१. फोहरमैला व्यवस्थापनका लागि आवश्यक पर्ने जग्गाको पहिचान गरी प्रविधी सम्पन्न फोहरमैला व्यवस्थापन केन्द्रको स्थापनामा पहल गरिनेछ ।

२६२. वातावरण संरक्षणका लागि एक वन, एक उद्यान, नगरपालिकाका महत्वपूर्ण सडक हरियाली सडक, एक वडा बहुपोखरी, कार्बन न्यूनिकरण जस्ता कार्यक्रम अन्तरनिकायको समन्वयमा संचालन गरिनेछ ।

**विपद जोखिम व्यवस्थापन**

२६३. नगरपालिका भित्र रहेका जोखिमयुक्त क्षेत्रहरुको जोखिम नक्साङ्कन गरी संरक्षणको उपायहरुको अवलम्बन गरिनेछ ।

२६४. नदिउकास, नदिकटान क्षेत्र, नदिको तटीय क्षेत्र संरक्षण र संवर्द्धनका लागि जाली र नाली कार्यक्रम संचालन गरिनेछ ।

२६५. बिपद जोखिम न्यूनिकरण तथा व्यवस्थापनलाई विकासका कार्यक्रममा आन्तरिकीकरण गरिने छ । विपद्जन्य पूर्व तयारी, उद्धार, राहत, पुनर्निर्माण र पुर्नस्थापना सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन गरिनेछ ।

२६६. महामारी, विपद नियन्त्रण र अन्य स्वास्थ्य जोखिम व्यबस्थापनका लागि उचित प्रबन्ध मिलाईने छ ।

२६७. सुनवल नगरपालिकाको अनुरोधलाई स्विकार गरि जपान सरकारको सहयोगमा प्राप्त हुने वारुण यन्त्र (दमकल सेवा) सुरक्षा निकायसंगको समन्वय र सहकार्यमा संचालन गरिने छ ।

**जलवायु परिवर्तन अनुकुलन**

२६८. समग्र नागरिकको जीवनशैली, समग्र विकासात्मक गतिविधीलाई जलवायु अनुकुलन अनुसार संचालन गर्न आवश्यक पहल गरिनेछ ।

२६९. स्थानीय सम्भावना, तुलनात्मक लाभ, जलवायु अनुकुलन लगायतका आधारमा मानवीय तथा जैविक गतिविधी संचालन गर्न आवश्यक नीति निर्माण गरी कार्यान्वयन गरिनेछ ।

**विविध:**

**सार्वजनिक, निजी, साझेदारी:**

२७०. नगरपालिका भित्र निर्माण हुने ठूला भौतिक पूर्वाधार लगायत अन्य पूर्वाधार निर्माणमा सार्वजनिक, निजी, साझेदारी नीति अनुरुप आवश्यक कानून निर्माण गरी कार्यान्वयन गरिनेछ ।

**न्यायिक क्षेत्र:**

२७१. स्थानीय सरकार संचालन ऐन, २०७४ को भावन अनुरुप नगरपालिकामा कृयाशिल न्यायिक समितिलाई प्रभावकारी परिचालन गर्दै नागरिकको न्यायमा पहुंच कार्यक्रम संचालन गरिनेछ ।

**श्रोत व्यवस्थापन तथा राजश्व परिचालन**

२७२. नेपालको संविधानमा परिकल्पना गरिएका सहकारीतामूलक संघीयतालाई आत्मसाथ गर्दै प्रतिष्पर्धात्मक तथा स्वाबलम्बी स्थानीय सरकार निर्माण गर्न आन्तरिक श्रोत व्यवस्थापन तथा श्रोत परिचालनमा राजश्व सुधार योजनाले निर्देशन गरेका कृयाकलापहरु अवलम्बन गर्ने नीति लिईनेछ ।

२७३. संघ र प्रदेशबाट प्राप्त हुने अनुदानको भरमा पालिका संचालन हुने हालको अवस्थालाई न्यूनिकरण गर्दै आन्तरिक श्रोत संकलनमा बढोत्तरी गरी आत्मनिर्भर नगरपालिका बनाउन समूहिक प्रयास गरिनेछ ।

२७४. आन्तरिक श्रोत बृद्धिमा नागरिक तथा समग्र निजी क्षेत्रको सहभागितालाई सुनिश्चित गरिनेछ ।

२७५. राजश्व संकलनलाई प्रभावकारी बनाउन वडागत प्रतिस्प्रर्धा गराई बढी राजश्व संकलन गर्ने वडा कार्यालयलाई पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ ।

२७६. समग्र राजश्व प्रणालीलाई स्मार्ट सफ्टवयर प्रणालीमा आवद्ध गरी कर चुहावटलाई न्यूनिकरण गरिनेछ ।

२७७. करको दर होईन दायरा वृद्धि गरी कर संकलन गर्ने र करको दायरामा आउने नागरिकलाई निश्चित सूचकका आधारमा पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ ।





२७८. कर चुहावट प्रणालीलाई निरुत्साहीत गर्न दण्डात्मक व्यवस्थालाई प्रभावकारी बनाईनेछ ।

२७९. नगरभित्रका सार्वजनिक ताल तलैयाहरुको सार्वजनिक ठेक्का आव्हान गरि आन्तरकि श्रोत वृद्धि गरिनेछ ।

२८०. स्थानीय उद्योगहरुले नगरलाई बुझाउनु पर्ने कर, दस्तुर , शुल्क र विकास साझेदारी वापतको रकम बक्यौता सहित असुल गरिने छ ।

२८१. विगतमा नगरपालिकाले अवलम्ब गरी हालसम्म निरन्तरता दिएका स्वीकृत नीतिहरुलाई निरन्तरता दिने नीति अवलम्बन गरिनेछ ।

**नगरसभाका सभासदज्यूहरु,**

स्थानीय सरकारको लक्ष्य, उद्देश्य, प्राथमिकता, नीतिहरु र रणनीतिहरु संविधानको मर्म अनुसार सहकारीतामूलक, जनमैत्री हुनु पर्दछ । यसको अन्तिम लक्ष्य नागरिकको खुशियाली वृद्धि गर्नु हो । स्थानीय श्रोतको परिचालन, विकास निर्माणमा लागत सहभागिता, सम्पूर्ण सरोकारवालाहरुको संलग्नता, कार्यान्वयन पक्षमा सरलताको कारणबाट जनतामा खुशियाली वृद्धि हुने हुंदा हामीहरुलाई प्राप्त जिम्मेवारी उच्च मनोवलका साथ पुरा गर्न सामुहिक प्रयत्न गर्नुपर्छ । हालसम्म प्राप्त उपलब्धी, उपलब्धीको रक्षा र बजारीकरणमा हामी सबैको साझा जिम्मेवारी हो । यो जिम्मेवारी पुरा गर्न हामी सबैलाई सफलता मिलोस । यो महत्वपूर्ण अभियानमा सहयोग, सल्लाह र सुझाव दिने सम्पूर्ण राजनीतिक दल, माननीय मन्त्रीज्यूहरु, माननीयज्यूहरु, प्रदेश सभाका सदस्यज्यूहरु, पूर्व मन्त्रीज्यूहरु, नागरिक क्षेत्र, कर्मचारी वर्ग तथा संचार जगतमा हार्दिक धन्यवाद दिदैं आगामी दिनमा हामीहरुको साझा प्रयासमा थप सहयोगका लागि अनुरोध गर्दै उल्लेखित नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन गर्न आफ्नो तर्फबाट नेतृत्व प्रदान गर्ने तथा सम्पूर्ण सभासदज्यूहरुको सामुहिक सहयोगको अपेक्षा सहित विदा हुन चाहन्छु ।

**धन्यवाद**

**बिमला अर्याल**
**नगर प्रमुख**

**मिति: २०८२ असार ०६ गते ।**



Scanned with CamScanner